# ११ इसाई अर्थात सच्चा येशूभक्तको जीवन

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* व्यवस्था ८:११-१७, फिलिपी २:३,४, १ कोरन्थी १५:५१,५२, प्रकाश २२:१-५, मत्ती २२:३९, उत्पत्ति २:२१-२५।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* "येशू ख्रीष्टले हाम्रो निम्ति आफ्नो जीवन दिनुभएकोले नै प्रेमको परिभाषा हामीलाई थाहा छ। त्यसकारण हामीले पनि हाम्रा दाजुभाई तथा दिदिवहिनीहरूलाई हाम्रो जीवन दिनुपर्दछ। (१ यूहन्ना ३:१६ रूपान्तरित)।

<u>मूल सोच:</u> म इसाई हुँ भनेर जसले पनि दावी गर्न सक्दछ। तर दैनिक जीवनमा हाम्रो निम्ति इसाई हुँ भन्नुको अर्थ के हो त?

"हे प्रीय दाजुभाई तथा दिदी बहिनीहरू विश्वास गर्छु भनेर कामद्वारा देखाउनुभएन भने त्यस्तो विश्वासको मतलब के छ र? के त्यस्तो खालको विश्वास वा आस्थाले कसैलाई मुक्ति दिन सक्छ र?" (याकूब २:१४ रूपान्तरित)

संतुलित दिक्षा वा आत्मज्ञान अर्थात् बाइबलका शिक्षाहरूमा बाइबलले जोड दिएको पाइन्छ। तर शिक्षादिक्षा ग्रहण गर्नेमात्र नभएर स्वच्छ वा पवित्र जीवन जीउन पनि आह्वान गर्दछ (तीतस २:१-५)। यसको अर्थ नितिवान तथा चरित्रवान र आदर्शको जीवन बिताउन र अरूप्रतिको जिम्मेवारीपनामा पछि नहत्न औंल्याउँछ। यदि माथि उल्लेख गरेका तिमोथी र तितसको पुस्तकहरूमा दिएका ती पदहरू गहिरो गरेर हेर्‍यौं भने तिनीहरूले उचित र आदर्शमय जीवन बिताउन जोडदार आह्वान गर्दछन्। उचित वा आदर्शमय जीवन बिताउनु नै बाइबलको उचित तथा संतुलित शिक्षादिक्षा हो!

अरूको मुक्तिको निम्ति र भलोको निम्ति परमेश्वरको औजारभएर सेवा गरून् भनेर येशूभक्तहरूले मुक्ति पाएका हुन्। असल र खराबको महान् मतभेदको पृष्ठभूमीको खिलाफमा मुक्तिका स्वाद पाएका इसाईहरू उभिएका छन्। हुनत "तिमी केवल स्वर्गको कुरामात्र गर्छौ, व्यवहारमा

तिम्रो केहि काम छैन" भन्ने कहावत पुरानो हुनसक्छ। यद्यपि, त्यसमा केहि सत्यता छ जुन इसाई हुँ भनेर दावी गर्नेहरूले पन्छाउन खोज्नु पर्छ। हो, हामीहरूको अन्ति लक्ष्य स्वर्ग हो, तर हामी अझै पनि पृथ्वीमा नै छौं। त्यसले गर्दा संसारमा भइरहेका कुराहरूमा आँखा चिम्लन हामी सक्दैनौं तर यस संसारमा कसरी जीउने भनेर जान्नु आवश्यक छ। हाम्रो दैनिक जीवनमा व्यवहारिक इसाई जीवन कसरी बिताउने भनेर यस अध्यायमा हामी हेर्नेछौं।

## १.परमेश्वरले हाम्रो हितमा सुम्पनु भएको भौतिक तत्व र आयआर्जनहरूप्रति हाम्रो उत्तरदायित्व (व्यवस्था ८:११-१७)

मुक्ति पाएर गडगड भएका इसाईहरू अरूको सेवाको निम्ति खटिएका हुन् भन्ने महत्वपूर्ण ज्ञानलाई हामीले सोच्नु आवश्यक छ। हाम्रो हातमा सुम्पिएका प्राकृतिक तथा भौतिक तत्व र आयआर्जनहरूप्रति हामीले देखाउनु पर्ने इसाई नितिबाट हामी पन्छिनु हुन्न। अङ्ग्रेजीमा स्टुवार्डशिप भनेर नामङ्करण गरिएको हाम्रो हातमा सुम्पिएको प्राकृतिक तथा भौतिक तत्व र आयआर्जनहरूप्रतिको हाम्रो उत्तरदायित्वको परिभाषा सेभेन्थ-डे एडभेन्टिस्ट इन्साइक्लोपिडिया अर्थात् विश्वकोषमा यसरी दिएको छः परमेश्वरले उहाँका जनहरूलाई धेरै थोकहरू सुम्पिनुभएको छ। उदाहरणमा जीवन, स्वास्थ, समय, प्रतिभा, क्षमता, भौतिक सम्पत्ती, अवसरहरू आदि। ती सबै थोकहरू र तिनीहरूले पाएका सत्यको ज्ञानलाई आफूलाईमात्र नराखी अरूको हितमा परिचालन गर्नु प्रत्येक येशूभक्तको धर्म हो (रूपान्तरित)।

देहायका केहि पदहरूलाई ध्यान दिएर पढ्नुहोस्ः व्यवस्था ८:११-१७, भजन २४:१, फिलिप्पी २:३,४, र १ यूहन्ना ३:१६। ती पदहरूमा व्यक्त गरिएको प्रत्येक आदर्श नितीलाई मेरो जीवनमा कसरी लागु गराउने भनेर सोच्नुहोस्। ती नितिहरूले परमेश्वर र अरूप्रतिको मेरो सम्वन्धमा किन प्रभाव पार्नदिनुपर्छ? परमेश्वरले मलाई दिनुभएको प्रत्येक बरदानलाई परिचालन गर्न ती नितिहरूले कस्तो प्रभाव पार्नदिनुपर्छ?

परमेश्वरका सारा सृष्टिको मौलिक लक्ष्य नै परमेश्वरको महिमा गर्नु हो भनेर बाइबलले सिकाउँदछ। तर पापले गर्दा सबैको बाटोलाई बिराइदिएको छ। तर उहाँको मुक्तिको कार्ययोजनाद्वारा मानिसहरूले उहाँको महिमा गरोस् भनेर उहाँले निर्देशन दिनुभएको छ। परमेश्वरको महिमा हामीले गरून् भनेर ख्रीष्टले हामीलाई किन्नुभएको छ (एफिसी १:११-१४)। ख्रीष्टको सम्पूर्ण प्रभुत्वलाई हामीहरूले स्विकार गरेकाछौं भनेर हामीहरूको मन, वचन र कामले देखाउनुपर्दछ। यो नितिलाई आत्मसात् गरेर हामी चल्यौं भने हामीले परमेश्वरको महिमा गरिरहेको छ भनेर प्रमाणित गर्दछ। हामीले येशूलाई हाम्रो जीवनको स्वामी भनेर मुखले मात्र होइन बताउने होइन। तर हामीमा भएको हाम्रो समय, प्रतिभा, क्षमता, उपलव्धी, भौतिक सम्पन्नता आदिलाई अरूको हित तथा सेवाको निम्ति प्रयोग गर्‍यौं भने हामी सच्चा येशूभक्त हौं भनेर देखाउँदछौं।

माथि दिएका पदहरू फेरि पढ्नुहोस्। कुनचाहिँ पद तपाईंको मनलाई छोएको छ, र किन? अरूको हितको निम्ति जीउन तपाईंलाई कसरी प्रेरणा पाउनुभएको छ? तपाईंकै आत्मिक जागृतिको निम्ति अरूको सेवा गर्नु किन आवश्यक छ?

## २. दशाँसः केवल अलिकति थोरैमात्र (नेहमियाह १०:३८,३९)

" लेबीहरूसँग मिलेर हारुनको परिवारको पुजारीले दशाँसको भेटीलाई उपयोग गर्नुपर्दछ। अनि लेबीहरूले आफूले पाएका दशाँसबाट पनि दशाँस परमेश्वरको पवित्र मन्दिरमा ल्याउनुपर्दछ। परमेश्वरको मन्दिरको ढुकुटीमा अरू खजानाहरूसँग थुपार्नुपर्छ।" (नेहमिया १०:३८ रूपान्तरित)।

तपाईंको जीवनको बारेमा सोच्नुहोस्। तपाईंको जीवन कत्ति छोटो र क्षणिक छ। तपाईंको जीवनकालमा येशू आउनुभएन भने कुनै दिन तपाईं यस संसारलाई छोड्नुपर्दछ। चिहान वा चितामात्र तपाईंको अन्तिम लक्ष्य हो भने तपाईंको जीवनको अर्थ के हो? तपाईं यस संसारको केवल एक सानो प्राणीमात्र हुनहुन्छ जसलाई दुःखपिडा, त्रास, कठिन परिश्रमको चक्रको घेरामा पारिएकोछ। त्यसको पनि कुनै न कुनै

प्रकारले अन्त हुन्छ। जब हाम्रो नश्वर शरीरका कोषहरू मर्दछन् र गाडिन्छ तब त्यस मरेको शरीरमा किराहरू तथा शुक्ष्मप्राणीहरूले आक्रमण गर्दछन् र खान्दछन्। कालान्तरमा ती प्राणीहरू पनि मर्दछन्। (यदि जलाइयो भने हाम्रो शरीर खरानी भएर जान्छन्)।

समुद्ररूपी जगतमा रहेको बालुवाको कण जस्तै रहेको हाम्रो पृथ्वी ग्रहमा भएका हामी मानवप्राणी केवल यस संसारमा क्षणिकको निम्तिमात्र छौं र त्यो पनि मर्नमात्र जन्मेकाछौं भने हाम्रो जीवन केवल निष्ठुर उपहासको पात्रमात्र हुनआउँछ। त्यो न त अर्थपूर्ण छ न त रमाइलो नै छ।

तर ख्रीष्टमा हामीलाई के दिइएको छ त्यो यताउती हेर्नुहोस्। येशूद्वारा हामीलाई कस्तो बरदान दिइएको छ सो सोच्नुहोस्। हामीहरूको जीवनको मूल्य मान्यता वा औचित्यको भेद थाहा पाउन परमेश्वरले तर्जुमा गर्नुभएको मुक्तिको योजनालाई सोच्नुहोस्। किराको आहार हुनको निम्ति वा खरानी हुनको निम्ति हामी यस संसारमा जन्मिएका होइनौं भन्ने थाहा पाओस् भनेर परमेश्वरले हाम्रो निम्ति गर्नुभएको सबै कामलाई सोच्नुहोस्।

ख्रीष्टमा हामीलाई के सुम्पिएको छ देहायका पदहरूमा हेर्नुहोस्ः १ कोरन्थी १५:५१,५२, प्रकाश २१:४, गलाती ३:१३, एफिसी १:६,७ र प्रकाश २२:१-५। हाम्रो निम्ति परमेश्वरले साँचिराख्नुभएको ती थोकहरूको अर्थ के हो? त्यहाँ उल्लेखित आश्वासनका प्रतिज्ञाहरूले हाम्रो जीवनको प्रत्येक पक्षलाई कसरी प्रभाव पार्न दिनुपर्दछ?

"म दशाँसको बारेमा बोल्दैछु। मेरो दिमागमा त्यो कत्ति थोरै कुरो भएको देख्दछु। हामीले दिनुपर्ने दशाँसको भेटि अत्यन्त थोरै छ। परमेश्वरको प्रेमको दाँजोमा हाम्रो समय, पैसा र माया पनि के हो र? त्यसलाई तुलना गर्नुपनि बेकार छ। उहाँको प्रेम र त्याग असिमित छन्। तिनीहरूलाई नापेर नाप्न सक्दैनौं। ख्रीष्टको निम्ति हाम्रो दशाँस रे! हाम्रो निम्ति चुकाउनुभएको येशूको मूल्यमा हाम्रो दशाँस के हो त? कति थोरै देख्दछ? कलभरीको क्रुसद्वारा पूर्ण समर्पण, प्रतिवद्धता तथा भक्ति जनाउन येशूले हामीलाई आह्वान गर्नुहुन्छ। एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ४, पृ. ११९,१२०बाट रूपान्तरित।

ख्रीष्टले तपाईंको निम्ति गर्नुभएको सबै कुरालाई मध्यनजरमा राख्दा विश्वासमा प्रतिवद्धता जनाउन तपाईंलाई दिएको थोकहरूबाट के अलिकति पनि तपाईंले उहालाई दिनसक्नुहुन्न र?

## ३. आफूप्रतिपनि उत्तरदायित्व (मत्ती २२:३९)

येशूले साफ साफ यसो भन्नुहुन्छ, "तिमीले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम (माया) गर।"(मत्ती २२:३९ रूपान्तरित)। पुरानो करारसँग समर्थन जनाउँदै येशूले दिनुभएको यो निर्देशन अत्यन्त घटलाग्दो छ। अरूको निम्ति आफ्नो जीवन अर्पण गरेर निश्वार्थ जीवन बिताउने अभियानमा चलेको इसाई शिक्षादिक्षाको पृष्टभूमिमा, स्वार्थी हुनु वा आफ्नो हित खोज्नु त त्यस धर्मको विपरित मनस्थितिलाई लक्षित गरेको देखिन्छ। तर नियालेर हेर्नुहोस्। येशूले त्यस पदमा के भन्न खोजिरहनुभएको छ? पक्का पक्का येशू धर्म वा इसाई धर्म भनेको के रहेछ भनेर त्यस पदलाई प्रयोग गरि हामी कसरी वाख्या गर्ने?

**आफ्नो हित खोज्नु स्वार्थीपना होइन। आफूलाई माया गर्नु मतलवीपना होइन। न त सबैको र सबै थोकको अगाडि आफूलाई सर्वोपरी राख्नु हो। बरू, आफूलाई माया गर्नु, प्रेम गर्नु वा आफ्नो हित खोज्नु भनेको परमेश्वरको अगाडि आफूलाई कत्तिको मूल्यवान छ भनेर बुझ्नु हो। जब त्यस ज्ञान तपाईंको दिमागमा घुस्छ तब सकेसम्म असल जीवन बिताउन तपाईंले प्रयास गर्नुहुनेछ। यस्तो जीवनशैली बिताउन तपाईं अग्रसर हुनुहुनेछ जसको परिणामले तपाईं आफै र अरूको उच्चतम भलाई हुनसक्छ। तपाईंलाई चिन्ने मानिसले तपाईंको आदर्शको अनुशरण गर्न सक्ने छ।**

येशूले माथिको पदमा दिएको निर्देशन जसलाई हामी खबरदारी पनि भन्न सक्छौं, त्यसलाई देहायका पदहरूले कसरी पूर्ण समर्थन जनाएको हामी पाउँछौं, हेर्नुहोस्: फिलिप्पी २:५,८, २ कोरन्थी ५:१४,१५, १ कोरन्थी १०:३१-३३ र १ पत्रुस १:१३-१६?

**जगतको सृष्टिकर्ताले आफ्नो अस्तित्वलाई जोखिममा राखेर पापीहरूलाई किनेर उद्धार गर्नुभएको थियो भनेर सच्चा येशूभक्तहरूले बुझेको हुन्छ। त्यसैकारणले तिनीहरूले आफूलाई येशूको असल**

जीवनसँग दाँजेर हिँड्न चाहन्छन्। येशूको मनस्थितिलाई आफ्नो दिमागमा प्रत्यारोपण गरेर आफ्नो निम्ति होइन उहाँको निम्ति जीउने प्रतिवद्धता तिनीहरूले जनाउन चाहेका हुन्छन्। अनि पवित्र वा चोखो जीवन बिताउन गरिएको आह्वानलाई तिनीहरूले सहस्र स्विकार गर्दछन्। (येशूभक्तको जीवनमा पवित्र जीवन बिताउनु भनेको अशूद्ध कामबासनाबाट अलग हुनु, विसंगती तथा पापमय जीवनबाट आफूलाई अलग राख्नु, खराब वा अरूको नराम्रो सोच्ने बानीबाट स्वतन्त्र हुनु र आफ्ना भावनाहरूलाई ख्रीष्टको सहायताले बसमा राख्नु हो)।

त्यसकारण यदि तपाईंले तपाईंलाई माया गर्नुहुन्छ भने तपाईंको लागि अत्यन्त असल के छ त्यहि गर्नुहुनेछ। अनि जब तपाईं आफ्नो निम्ति अत्यन्त असल र आदर्श जीवन बिताउनुहुन्छ तब त्यस जीवन परमेश्वरको निम्ति समर्पित जीवन हुनजान्छ। परमेश्वरको निम्ति जीउने दृढता व्यक्त गर्नुको मतलव तपाईंले जे गर्नुहुन्छ उहाँलाई नै मध्य नजरमा राखेर चल्नु हो। त्यसतो जीवन स्वार्थमय वा आफ्नो भाउमात्र खोज्ने नभएर अरूको हितको कामना गर्दै बिताएको हुन्छ। तर परमेश्वर र अरूको हितको निम्ति नजीउने जीवन, आफ्नै स्वार्थको निम्त जे पनि गर्न तयार हुने जीवन, अरूलाई दवाएर आफू माथि आउन चाहने जीवन कस्तो हुन्छ त? त्यसतो मानिस कहिले पनि खुशी र सन्तुष्ट हुँदैन।

येशूभक्त भएको हैशियतले आफूलाई आफैलाई माया गर्नु भनेको के हो, सोच्नुहोस्। "मेरो शरीर मेरै हो, मलाई जे गर्न मनलाग्छ त्यहि गर्छु, त्यसले जे चाहन्छ त्यहि पुऱ्याइ दिन्छु" भन्ने मनस्थितिले विस्तारै आत्महत्यातिर किन लम्काउँछ? त्यस्तो मनस्थितिले जगतको केन्द्रविन्दु मै मात्र हुँ भन्ने परम स्वार्थतामा किन धकेल्न सक्छ? त्यस्तो धरापबाट तपाईं कसरी जोगिने?

## ४. इसाई पवित्र विवाह (उत्पत्ति २:२१-२५)

मानिस सामाजिक प्राणी हो। घरमा होस् वा काममा होस्, वा सार्वजनिक स्थलमा होस्, मानिसहरू एक आपसमा कुनै न कुनै रूपमा अन्तरक्रिया गरिरहेका हुन्छन्। जिम्मेवार इसाईले आफ्ना कामहरूद्वारा ती सबै क्षेत्रमा कुनै न कुनै रूपमा संलघ्न भएको देखिनुपर्दछ। विभिन्न

मानिसहरूसँग कसरी सुमधुर समन्ध राख्ने भनेर बाइबलले हामीलाई मार्गनिर्देशनहरू दिएका छन्।

बाइबल अनुसार सफल दाम्पत्य जीवनको परिभाषा कस्तो छ? हेर्नुहोस्ः उत्पति २ः२१-२४, मलाकी २ः१४ र एफिसी ५ः२८।

कुनैको परिभाषा गर्नु वा वयान गर्नु भनेको त्यको अर्थ दिनु हो। आजको सन्दर्भमा विवाह वा सफल दाम्पत्य जीवन भनेको के हो? त्यसको असली परिभाषा दिन त्यत्ति सजिलो भएको पाउँदैनौं। विभिन्न समयकाल, जातजाति, चलनचल्ती र संस्कारहरूले गर्दा दाम्पत्य जीवनको अर्थ भिन्ना भिन्नै भएको पाइन्छ। त्यसले गर्दा पनि वैवाहिक जीवनमा मानिसहरूले लचकता अपनाएको हामी पाउँछौं। तर बाइबलले सफल वा असली दाम्पत्य वा वैवाहिकमा कुनै पनि लचकता अपनाएको छैन। परमेश्वरले नै दुई जोडिलाई एक गरेर विवाह सम्पन्न गर्नुभएको थियो भनेर बाइबलले बताउँछ। उमेर पुगेका तर अत्यन्त मन मिलेका दुबै स्त्री र पुरूष जिन्दगी भरि व्यक्तिगत सम्वन्ध राख्न इच्छा प्रकट गर्दछन्। स्त्री र पुरूष बराबर व्यक्तिगत साझेदारी र समझदारी सम्वन्ध राख्ने प्रक्रियालाई बाइबलले विवाहको संज्ञा दिएको छ। श्रीमान र श्रीमतीको दुई जीउ भएतापनि एकै हुन् भन्दै एक आपसमा गहिरो भावना राखी सम्वन्ध वा रिश्ता जोड्नुपर्छ। एक आपसमा विश्वास हुनुपर्छ र भरपर्नुपर्छ। दुवै जनाको साझा लक्ष्य हुनुपर्छ। वैवाहिक जीवनमा परमेश्वरलाई भित्राउँदै श्रीमान श्रीमतीले आफ्नो दाम्पत्य जीवन पवित्र र सुरक्षित राख्नुपर्दछ।

यो दुःखलाग्दो कुरो छ कि कतिपय मानिसहरूले वैवाहिक जीवनलाई गम्भिररूपमा लिएको हामी पाउँदैनौं। चर्च बाहिरका मानिसहरूले मात्र नभएर चर्च भित्रकै कतिपय मानिसहरूमा पनि दाम्पत्य जीवनमा गम्भिर नभएको पाइन्छ। परमेश्वरले नै सृष्टि गर्नुभएको विवाह हो भनेर विश्वास गरि युवायुवती वैवाहिक जीवनमा पस्दछन्। तर केहि खतपत भयो वा मनमुताव भयो वा दुःखसुखमा साथ दिन्छु भनेर वाचा बाँधेतापनि केहि तकलिफ आयो भने मानव न्यायधिसको सामु तिनीहरू खडा हुन्छन् र मानिसहरूले नै बनाएका नियम कानूनहरूलाई तेर्स्याएर परमेश्वरले जोड्नुभएको जोडिलाई छुटाइदिन्छन्। यस्तो चित्रणले वैवाहिक

जीवनलाई भयङ्कर गलत स्थानमा राख्दछ। यो कुरा सबैलाई थाहा छ। तर यस्तो वातावरण आउन नदिन चर्चले पनि संघर्ष गरेको हुन्छ।

विवाह सम्वन्धी बाइबलले दिएको निर्देशनलाई कतिपय समाजले थन्क्याइदिएको हामी पाउँछौं। विवाहपूर्व यौनसम्वन्धलाई दिएको मान्यता, वैवाहिक जीवन भन्दा वाहिरसँग धेरै यौनसम्वन्ध राख्ने, पारपाचुके, घरिघरि विवाह गर्ने प्रवृत्ति र समलिँगीपनाले असली दाम्पत्य जीवनलाई प्रदुषित पारेका छन्। त्यो बाहेक परमेश्वरले बनाउनुभएको दाम्पत्य जीवनलाई आजको समाजले धेरै चुनौति दिएको हामी पाउँछौं। असल वैवाहिक जीवनलाई सफल बनाउन र दाम्पत्य जीवनमा विसंगती नल्याउन बाइबलबाट अरू कस्ता सरसल्लाह र सुझावहरू तपाईंलाई थाहा छ?

परपुरूष वम परस्त्री गमन र यौन उत्तेजिक सामग्रीहरू आजको समाजमा जताततै फैलिएकाछन्। तर ती मात्र अत्यन्त खराब कुराहरू भएको हामी पाउँदैनौं। मानिसहरूको पतित र कमजोर अवस्थालाई परमेश्वरले वडो दुःख मानेर हेर्नुहुन्छ। ख्रीष्टको अनुग्रहको सहायताले ती विसंगतीहरूलाई हटाउनुपर्दछ। उहाँको शक्तिले वैवाहिक जीवनमा आउने कमजोरीहरूलाई जित्न सक्नुपर्दछ। त्यसकारण यौनको मामिलामा असफल र गलत व्यवहारमा लागेका मानिसहरूलाई दयालु र भद्रतरिकाले सम्झाएर परमेश्वरको शुद्ध योजना ल्याउन खोज्नुपर्दछ। पाप र विवाहको समस्यालाई कुनै किसिमको बहाना बनाएर पालिराख्नुहुन्न।

## ५. इसाई अर्थात् येशूभक्तको क्रियाकलापहरू (यूहन्ना १७:१४-१८)

इसाई हुँ भन्नेहरूले अपनाउनुपर्ने आदर्श निति केवल परिवारमा मात्र सिमित रहँदैन। सामाजिक र आफ्ना व्यावसयिक क्षेत्रहरूमा पनि सच्चा येशूभक्तको चरित्रलाई झल्काउनु पर्दछ। पक्का इसाईले आफूले वहन गर्नुपर्ने जिम्मेवारीपनाबाट पछि हट्दैन। येशूभक्तहरू संसारमा हुन्छन् तर संसारको होइन भन्ने नितिलाई तिनीहरूले आत्मसात् गर्न सक्नुपर्छ (यूहन्ना १७:१४-१८)।

उपरोक्त नितिलाई मनमा राख्दै देहायका तिन क्षेत्रहरूको बारेमा सोच्नुहोस्। आफ्नो दैनिक जीवनको जीवनशैली र क्रियाकलापहरूमा इसाईको प्रभाव कस्तो हुनुपर्छ भनेर गरेको छलफललाई ध्यान दिनुहोस्। (के इसाई भयो भन्दैमा असल नागरिकको जिम्मेवारीपनाबाट छुट्टिएर बस्ने? हामी रहेको समाजप्रति हाम्रो जवाफदेहिता हुनुहुँदैन र?-अनुवादकको जिज्ञासा):

क. कर्मचारी र हाकिमको बीचमा सम्वन्धः (याकुब ५:४-६, एफिसी ६:५-९) इसाई हाकिमहरूले आफ्ना कर्मचारीहरूलाई ख्रीष्टमा समान छौं भनेर बुझ्नु र बुझाउनु आवश्यक छन्। असल काम गर्नेले उचित तलब पाउनुपर्छ भनेर इसाई हाकिमहरूले स्विकार गर्नु आवश्यक छन्। फेरि त्यहि अनुपातमा इसाई कर्मचारीले कामचोर्ने प्रवृत्तिबाट चनाखो हुनुपर्दछ।

"यदि आफ्ना छोराछोरीहरूलाई केहि गर्न दिएन भने आमाबाबु अल्छि बनाउने पापको दोषी हुन्छन्। आमाबाबुले छोराछोरीहरूलाई केहि काम गर्न नदिएर त्यसै बस्न दिने बानीले तिनीहरूलाई अल्छि बनाउँछ। अनि हुर्केपछि तिनीहरू बेकामका हुन्छन्। जब तिनीहरू बढेर घरलाई सघाउन आर्थिक आर्जनमा लाग्छन् तब तिनीहरू आलस्य वा नियास्रो मानेर काम गर्न थाल्दछन्। कामचाहिँ दिल दिएर नगर्ने तर तलबचाहिँ धेरै खोज्ने बानीले तिनीहरूलाई सताएका हुन्छन्।"-एलेन जी ह्वाइट, *क्राइस्ट अवजेक्ट लेसन्स,* पृ. ३४५बाट रूपान्तरित।

ख. असल नागरिकको चिनारी (रोमी १३:१-७) पक्का येशूभक्तले परमेश्वरलाई सबै थोकहरूभन्दा माथि राख्दछन्। सबै जिम्मेवारिपना र क्रियाकलापहरू त्यहि मापदण्डमा आफूलाई चलाउँदछन्। उदाहरणमा इसाईहरूले भेदभावको नितिको विरोध गर्दछन्। तर परमेश्वरलाई पहिलो स्थानमा राखेर हिंड्ने भन्दैमा उच्छृङ्खल र समाजका अन्यौलता ल्याउने नियतले कोहि येशूभक्त हिंड्नुहुँदैन। असल नागरिक भएको हैशियतले इसाईहरूले आफूले तिर्नुपर्ने कर तिर्दछन्, सवारी नियमहरू पालन गर्दछन्, अचल सम्पत्तिको बारेमा अपनाउनु पर्ने नियमलाई पालन गर्दछन् र

सरकारका नेतृत्ववर्गहरूसँग अपराधलाई नियन्त्रमा राख्न सहयोग गर्दछन्।" -हान्डबुक अभ सेभेन्थ डे एडभेन्टिस्ट थियोलोजी (मेरिलाण्डः रिभ्यु आण्ड हेराल्ड पव्लिशिङ्ग आशोशियशन, २०००), पृ. ७०१बाट रूपान्तरित।

ग. सामाजिक जिम्मेवारीपना वा समाजप्रति हाम्रो जवाफदेहिता (यशैया ६१:१-३, मत्ती २५:३१-४६) उपरोक्त पदहरू पढ्नुहोस्। ती पदहरूसँग देहायको वक्तव्य तुलना गर्नुहोस्: "परमेश्वरको राज्यको निम्ति बोलाइएका इसाईहरूले छिमेकी वा अरू मानिसलाई प्रेम अर्थात् स्नेह देखाएर आफ्नो बोलाहतको पहिचान दिन सक्दछन्। आफूलाई एक्लै नपारी सामाजिक परिवारको हितमा, र साथै आर्थिक, राष्ट्रिय र राजनैतिक मामिलामा संलघ्न भएर इसाई चल्न सक्दछ।.....केवल असल नागरिक भएर नागरिक समाजमा समावेश भएर सामाजिक कर्तव्य निर्वाह गरे मात्र त्यस इसाईले आफू ख्रीष्टको सच्चा उदाहरण भएर देखाउन सक्दछ।" एच. रिचार्ड निबुहर, *क्राइष्ट एण्ड कल्चर* (हार्परकलिनस् पव्लिशरस्, १९९६), पृ. ९७बाट रूपान्तरित।

तपाईंको काममा र सामाजिक जीवनमा तपाईंको इसाई मूल्यमान्यता अर्थात् गुणहरू के मानिसहरूले देख्न सकिरहेकाछन्? तपाईंको जीवनको कुन पक्षले गर्दा तपाईंको विश्वासप्रति चासो राख्न सघाइरहेको छ? त्यस जिज्ञासाको तपाईंको उत्तरले तपाईंको जीवन कसरी बिताइरहेको छ भनेर देखाउँदछ?

## उपसंहारः

यस अध्यायमा छलफल गरिएका विषयवस्तुहरूको थप जानकारी लिन चाहेमा देहायका सामग्री पढ्नुहोस्: *सेभेन्थ-डे एडभेन्टिस्टस् बेलिभ* (आइडाहोः पासिफिक प्रेस पव्लिशिङ्ग आसोशियशन, २००५)को २२ र २३ अध्याय र रावल डिडरन्द्वारा सम्पादित *हान्डबुक अभ सेभेन्थ-डे एडभेन्टिस्टमा* उल्लेखित मीरस्लाफ एम. किसको पृ. ६७५-७२३मा छापिएको लेख, "क्रिश्चियन लाइफस्टाइल आण्ड बिहाबियर"।

"मानव सन्ततीका हृदयहरूलाई नरम र करूणामयी राख्न परमेश्वरले नै दयाका कामहरू तिनीहरूबाट सम्पन्न गर्न तिनीहरूलाई रच्नु भएको हो। एक आपसमा चासो राख्न र पारस्परिक प्रेम तथा स्नेह राख्न तिनीहरूलाई आह्वान गरिएको छ। हाम्रै निम्ति येशू गरिब हुनुभयो ताकि हामी धनी हुनसकौं। दशांसको निति अत्यन्त दन्हिलो नितिमा आधारित थियो। मानिसकै हितको निम्ति त्यो निति परमेश्वरले अवलम्वन गर्नुभएको थियो।

"धन सम्पत्तिको मायामोहमा फसेर दुष्ट चरित्र नहोस् भनेर दशांसको चलन परमेश्वरले सृष्टि गर्नुभएको थियो। (दशांसको अर्थ आफूले कमाएको पैसा वा खेतिपातीको दस भागको एक भाग चर्चमा बुझाउनु हो)। धनसम्पतीप्रति अति माया र मोहले गर्दा मानिसहरूको हृदयमा परमेश्वरप्रतिको सच्चा भक्तिपना तथा धर्मपरायणताको नाश हुन्छ भन्ने कुरालाई ख्रीष्टले देख्नुभएको थियो। पैसाको मोहले मानिसको हृदयलाई चिसो पारिदिन्छ र मानिसलाई कठोर बनाउँछ भनेर येशूले देख्नुभएको थियो। त्यसको फलस्वरूप मानिसबाट बग्नुपर्ने दया तथा करूणालाई ठप्प पारिदिन्छ र मानिसको करूण हालत वा पिडाप्रति संवेदनशील हुन छोड्दछ।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ३, पृ. ५४७बाट रूपान्तरित।

"यदि कोहि मानिस स्वस्त रहन्छ र बलियो हुन्छ भने त्यो उसैको हितको निम्ति हो। तर आफूले पाएको असल स्वास्थ र तागतलाई उचित काममा प्रयोग गर्नुपर्छ। यदि अल्छी भएर गफगाफमात्र गरेर कामचोरमा लाग्छ भने उनी आफ्नो काममा इमान्दार भएको देखाउँदैन। घर घरमा गएर नचाहिँदो हल्ला फिजाउँदै आफूलाई व्यस्त राख्ने व्यक्तिको काम छैन। परमेश्वरको वचनले अल्छिपनालाई समर्थन गर्दैन। केहि काम नगरि हल्लेरमात्र बस्ने मानिस आफ्नो परिवारको हितको प्रवन्ध गर्नुपर्छ भनेर ख्याल गर्नुपर्छ। अनि परमेश्वरले तिनीहरूलाई कत्तिको आशिष दिनुभएको रहेछ भनेर आत्मसात् गर्दै अरूको भलाईको निम्ति केहि जोगाउनु पर्दछ।

"केवल आफ्नो हितको मात्र हेर्न परमेश्वरले हामीलाई यस संसारमा राख्नुभएको होइन। अरूको मुक्तिको लागि खट्न आवश्यक छ भनेर

हामीले सोच्नुपर्दछ। यदि त्यस नितिलाई हामीले अङ्गाल्यौं भने ख्रीष्टको उपयोगी, निश्वार्थी र दानी चरित्रको अनुसरण गरेको देखाउनेछौं।"- एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली १, पृ. ३२५बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. पारपाचुके वा श्रीमान श्रीमती बीचको सम्वन्ध बिच्छेद अत्यन्त ठूलो सामाजिक समस्याको रूपमा रहेको छ। कतिपय देशहरूमा पारपाचुके त साधारण नै भइसक्यो। त्यस मामिलामा बाइबलको स्पष्ट नितिलाई कसरी अबलम्वन गर्ने? यदि येशूको नितिलाई गम्भिररूपमा पालन गरियो भने समबन्ध बिच्छेदको वातावरण कम हुँदैन होला?

आ. दशांसको बारेमा विस्तृत छलफल गर्नुहोस्। कतिले संगठित चर्चलाई दिने सट्टा आफ्ना दशांस जसलाई मन पऱ्यो त्यसलाई दिएपनि हुन्छ भनेर तर्क गरेको पाउँछौं। यस्तो खालको मनोवृत्ति खतरापूर्ण छ भनेर किन ठान्नु पर्छ?

इ. हामीहरूको माझमा रहेका गरिब, असहायको सेवाटहल गर्ने मामिलामा दिएको बाइबलको निर्देशन हामीलाई सबै थाहा छ भनेर हाम्रो चर्चले दावी गर्न सक्दैन। फेरि त्यसै समयमा बाइबलमा दिएको निःसहायप्रति संवेदनशील हुन येशूभक्त हुँ भन्ने कोहि पनि आँखा चिम्लेर बस्न सक्दैन। तर परोपकार वा अरूको सेवा गर्ने बहानामा परमेश्वरलाई गर्नुपर्ने हाम्रो महत्त्वपूर्ण उपासनाबाट पन्छाउने धरापबाट हामी कसरी उम्किने? त्यसबारे ध्यान दिएर सोच्नुहोस्।